त्रिभुवन विश्वविद्यालय
## इन्जिनियरिङ्ग अध्ययन संस्थान
प्रवेश परीक्षा बोर्ड

# शैक्षिक वर्ष २०८२/०८३ को स्नातक (बी.ई./बी.आर्क.) तहको विद्यार्थी भर्नाका लागि सञ्चालन गरिने प्रवेश परीक्षा सम्बन्धी सूचना

त्रि. वि. इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पसहरु तथा सम्बन्धन प्राप्त कलेजहरूमा शैक्षिक वर्ष २०८२/०८३ का लागि स्नातक (बी.ई./बी.आर्क.) तहका विभिन्न कार्यक्रमहरूमा विद्यार्थी भर्नाका लागि सूचना प्रविधिको आधारमा कम्प्युटर विधि मार्फत सञ्चालन गरिने प्रवेश परीक्षा मिति २०८२ भाद्र ३ गते देखि इन्जिनियरिङ्ग अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र (ICTC), पुल्चोक, ललितपुर; पश्चिमाञ्चल क्याम्पस, पोखरा र पूर्वाञ्चल क्याम्पस, धरानमा तोकिएको स्थान, समय र शिफ्ट अनुसार सञ्चालन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत सञ्चालित ५ आङ्गिक क्याम्पसहरू तथा १० सम्बन्धन प्राप्त कलेजहरू निम्नानुसार रहेका छन् ।**

| आङ्गिक क्याम्पसहरू | सम्बन्धन प्राप्त कलेजहरू | |
|---|---|---|
| • पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर<br>• थापाथली क्याम्पस, थापाथली, काठमाण्डौ<br>• पूर्वाञ्चल क्याम्पस, धरान<br>• पश्चिमाञ्चल क्याम्पस, पोखरा<br>• चितवन इन्जिनियरिङ्ग क्याम्पस, चितवन | • कान्तिपुर इन्जिनियरिङ्ग कलेज, ललितपुर<br>• काठमाण्डौ इन्जिनियरिङ्ग कलेज, काठमाण्डौ<br>• हिमालय कलेज अफ इन्जिनियरिङ्ग, ललितपुर<br>• एड्भान्स्ड कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट, काठमाण्डौ<br>• नेशनल कलेज अफ इन्जिनियरिङ्ग, ललितपुर | • काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट, ललितपुर<br>• जनकपुर इन्जिनियरिङ्ग कलेज, भक्तपुर<br>• ख्वप: कलेज अफ इन्जिनियरिङ्ग, भक्तपुर<br>• सगरमाथा इन्जिनियरिङ्ग कलेज, ललितपुर<br>• ललितपुर इन्जिनियरिङ्ग कलेज, ललितपुर |

**इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत सञ्चालित १२ वटा स्नातक तहका कार्यक्रमहरू निम्नानुसार रहेका छन् ।**

| | | | |
|---|---|---|---|
| • सिभिल इन्जिनियरिङ्ग | • इलेक्ट्रिकल इन्जिनियरिङ्ग | • मेकानिकल इन्जिनियरिङ्ग | • एरोस्पेस इन्जिनियरिङ्ग |
| • एग्रिकल्चर इन्जिनियरिङ्ग | • इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेसन इन्जिनियरिङ्ग | • इण्डष्ट्रियल इन्जिनियरिङ्ग | • आर्किटेक्चर |
| • जियोमेटिक्स इन्जिनियरिङ्ग | • कम्प्युटर इन्जिनियरिङ्ग | • अटोमोबाईल इन्जिनियरिङ्ग | • केमिकल इन्जिनियरिङ्ग |

## १. आवेदनका लागि न्यूनतम योग्यता

१.१. त्रि. वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिकशास्त्र, रसायनशास्त्र तथा ११ र १२ कक्षामा गणित विषय लिई प्रवीणता प्रमाणपत्र तह वा उच्च माध्यामिक तह वा A Level वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तीमा ४५% तथा Letter Grading भएमा (NEB को हकमा) प्रत्येक विषयको Final Grade मा न्यूनतम C Grade प्राप्त गरी उत्तीर्ण गरेका वा कक्षा १२ वा सो सरहको अन्तिम परीक्षामा सम्मिलित भएका वा इन्जिनियरिङ्ग डिप्लोमाको छैठौं सेमेष्टरको परीक्षामा सम्मिलित भएका विद्यार्थीहरूले समेत आवेदन दिई प्रवेश परीक्षामा सहभागी हुन पाउनेछन् ।

१.२. विदेशी नागरिकहरूले पूर्णशुल्कीय कार्यक्रममा मात्र आवेदन दिन पाउनेछन्। इ.अ.सं. अन्तर्गतका आङ्गिक क्याम्पसहरूमा सञ्चालित कार्यक्रमहरूको निर्धारित पूर्णशुल्कीय सिटको १/१२ अंश बराबरको सिट विदेशी नागरिकहरूको लागि सुरक्षित गरिएको छ ।

## २. आवेदन फाराम भर्ने विधि तथा आवश्यक कागजातहरू

२.१. आवेदकहरूले इ.अ.सं., प्रवेश परीक्षाको वेबसाइट https://entrance.ioe.edu.np मा राखिएको प्रवेश परीक्षाको Online आवेदन फाराम भरी सोही वेबसाइट मार्फत Submit गर्नु पर्नेछ ।

२.२. वेबसाइट मा Online Form मिति २०८२/०४/१३ गते बिहान १०:०० बजे देखि मिति २०८२/०४/२७ गते अपरान्ह ५:०० बजे सम्म मात्र उपलब्ध हुनेछ । तसर्थ तोकिएको उक्त अवधि भित्रै फाराम भरि Submit गरि सक्नु पर्नेछ । तोकिएको समय पश्चात् Online फाराम स्वत: बन्द हुनेछ ।

२.३. आवेदन फाराम इन्टरनेट सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरूमा कुनै पनि समयमा भर्न सकिनेछ ।

२.४. प्रवेश परीक्षा शुल्क रु. २,०००।- (अक्षरेपि रुपैयाँ दुई हजार मात्र) तोकिएको छ ।

**प्रवेश परीक्षा शुल्क बुझाउन देहायमध्ये कुनै एक विधि अपनाउन सकिनेछ:**

क) सिद्धार्थ बैंक लि. को कुनै पनि शाखाबाट इ.अ.सं., प्रवेश परीक्षा प्रयोजनका लागि सो बैंकबाट तयार गरिएको भौचर मार्फत

ख) सिद्धार्थ बैंक लि. ले प्रदान गरेको Siddhartha BankSmart सेवा मार्फत (अतिरिक्त सेवा शुल्क नलाग्ने)

ग) Connect IPS/ eSewa /Khalti wallet / IME Pay मार्फत (अतिरिक्त सेवा शुल्क लाग्न सक्ने)

- माथि बुँदा (ख) र (ग) मा उल्लिखित विद्युतीय माध्यम प्रयोग गरी भुक्तानी गर्ने प्रक्रियाको बारेमा विस्तृत विवरण https://entrance.ioe.edu.np मा हेर्न सकिनेछ ।
- Online फाराम भर्दा बैंक भौचरको नम्बर वा विद्युतीय भुक्तानी गर्दा प्राप्त Transaction ID Number अनिवार्य रूपमा भर्नु पर्नेछ ।
- आवेदकहरूले प्रवेश परीक्षा शुल्क मिति २०८२/०४/२७ गते अपरान्ह ३:०० बजे सम्ममा दाखिला गरिसक्नु पर्नेछ । आवेदन फाराम सोही दिन अपरान्ह ५:०० बजे भित्र भरिसक्नु पर्नेछ ।

**नोट: परीक्षा शुल्क बापत बुझाइएको रकम फिर्ता हुने छैन ।**

२.५. आवेदकले फाराम भर्दा दिइएको निर्देशनलाई पालना गर्दै देहाय बमोजिमका जानकारीहरू अनिवार्य रूपमा भर्नु पर्नेछ।

(क) आवेदकको परिचय: आफ्नो र बुवा-आमाको नाम, जन्म मिति, स्थायी ठेगाना, SLC / SEE तथा I.Sc. / 10+2 / A level / Engg. Diploma वा सो सरहको नतिजा बारेको विवरण भर्नुपर्नेछ। साथै हालसालै खिचिएको 350×300 Pixel को पूर्ण निधार देखिने र अनुहार स्पष्ट चिनिने Plain Background भएको Color Digital Photo अपलोड गर्नु पर्नेछ (अन्य Size को Photo स्वीकार्य हुनेछैन) ।

(ख) Online फाराम भर्दा आफूलाई परिचय गराउने फोटो र हस्ताक्षर सहितको कुनै एक प्रमाण पत्र (जस्तै: नागरिकताको प्रमाण-पत्र, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमति पत्र, पासपोर्ट, I.Sc /10+2/ Engg. Diploma को अन्तिम वर्ष/सेमेष्टरको परीक्षाको प्रवेशपत्र) को नम्बर उल्लेख गरी त्यसको Scanned Copy अपलोड गर्नु पर्नेछ ।

(ग) हरेक मिति, स्थान र शिफ्टमा परीक्षार्थीको संख्या सीमित हुने भएको हुँदा निवेदकले सकेसम्म चाँडो फाराम भरी आफूलाई अनुकूल हुने परीक्षाको मिति, स्थान तथा शिफ्ट निश्चित गर्नुपर्ने हुन्छ । एक पटक निश्चित गरिसकेको परीक्षाको मिति, स्थान तथा शिफ्ट परिवर्तन हुनेछैन ।

२.६. Online परीक्षा फाराम भरी Submit गरिसकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page प्रिन्ट गर्नु पर्नेछ । उक्त Acknowledgement Page मा आफूले तोकेको मिति, स्थान तथा शिफ्टमा आफ्नो नाम भए-नभएको निश्चित गरी अन्यथा भएमा प्रवेश परीक्षा बोर्डमा मिति २०८२/०४/३० गते अपरान्ह १:०० बजे सम्म सम्पर्क गरिसक्नु पर्नेछ ।

२.७. मिति २०८२/०५/०१ गते पछि परीक्षार्थीहरूको परीक्षा मिति अनुसार चरणवद्ध रूपमा प्रवेश पत्र Online मार्फत उपलब्ध गराइनेछ । उक्त प्रवेश-पत्र Download गरी Color Print गर्नुपर्नेछ । परीक्षामा सामेल हुन उक्त प्रवेश-पत्र अनिवार्य हुनेछ ।

२.८. प्रवेश परीक्षा दिन आउँदा प्रवेश-पत्रको साथै बुँदा नं. २.५(ख) अनुसारको आफ्नो परिचय खुलाउने फोटो सहितको प्रवेश पत्रमा उल्लेख भएको सक्कल प्रमाण पत्र (ID) पनि अनिवार्य ल्याउनु पर्नेछ ।

## ३. प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी जानकारी

३.१. सूचना प्रविधिको आधारमा कम्प्युटर विधिबाट लिइने दुई घण्टा अवधिको यस प्रवेश परीक्षामा इ.अ.सं., प्रवेश परीक्षाको वेबसाइट https://entrance.ioe.edu.np मा प्रकाशित गरिएको पाठ्यक्रम अनुसार English, Mathematics, Physics र Chemistry विषयहरूका जम्मा १०० वटा वस्तुगत (Objective) प्रश्नहरू हुनेछन् ।

३.२. प्रत्येक गलत उत्तरको १०% का दरले अङ्क घटाइने छ ।

३.३. प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी अन्य थप जानकारी इ.अ.सं., प्रवेश परीक्षाको वेबसाइट https://entrance.ioe.edu.np मा उपलब्ध गराइने "प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी विस्तृत जानकारी - २०८२" बाट प्राप्त गर्न सकिनेछ ।

३.४. आङ्गिक क्याम्पसहरूमा विभिन्न कोटा र सुरक्षित स्थानहरूमा (महिला, शिक्षक/कर्मचारी, समावेशी विपन्न आरक्षण, सरकारी र सरकारी स्वामित्व भएका संस्थाहरूका लागि, विदेशी नागरिकहरूका लागि) भर्ना हुन चाहने परीक्षार्थीहरूले "प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी विस्तृत जानकारी - २०८२" मा प्रकाशन गरिने आवश्यक सम्पूर्ण कागजातहरू इ.अ.सं. को क्याम्पस/कलेज भर्ना तालिका सुरु हुनु अगावै तयार गरिसक्नु पर्नेछ ।

**द्रष्टव्य:** त्रि. वि. इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा शैक्षिक वर्ष २०८२/०८३ मा सञ्चालन हुने स्नातक तह बी.ई./बी.आर्क प्रवेश परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीहरूले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको छात्रवृत्ति सम्बन्धी नियमावली अनुसार तोकिएको कानुनी मापदण्ड पुरा गरेमा सो मन्त्रालयद्वारा २०८२/०८३ मा प्रदान गरिने इन्जिनियरिङ्ग विषयहरूका उच्च शिक्षाका छात्रवृत्तिहरूका लागि उम्मेदवार हुन योग्य हुने प्रावधान छ ।